REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 10.11.2024

मुख्यमन्त्री - ब्रह्मकुमारी

स्वच्छ र स्वस्थ समाजका लागि आध्यात्मिक सशक्तिकरण थीमका साथ ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयले आज राजधानी गान्तोकको मनन केन्द्रमा एक कार्यक्रम आयोजना गर्‍यो। यस अवसरमा राज्यका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्यअतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा ब्रह्मकुमारी माउण्ट आबुको सामाजिक सेवा प्रकोष्ठद्वारा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई अभिनन्दन जनाइएको थियो। यसैगरी मुख्यमन्त्रीले पनि सामाजिक प्रकोष्ठका सदस्यहरूलाई सम्मान जनाउनु भएको थियो।

कार्यक्रमको शुरूमा सिस्टर सन्ध्याले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो भने दिल्ली सामाजिक सेवा प्रकोष्ठकी क्षेत्रीय संयोजक बीके आशाले ब्रह्मकुमारीको परिचय प्रस्तुत गर्नुभएको थियो। यसपछि आध्यात्मिक सशक्तिकरणको माध्यमबाट स्वस्थ जीवन जिउने विषयमाथि वक्ता बीके ईभी गिरिशले प्रेरक वक्तव्य राख्नुभएको थियो। कार्यक्रममा सामाजिक सेवा प्रकोष्ठहरूका बारेमा माउण्ट आबु राजस्थानका सामाजिक सेवाका राष्ट्रिय संयोजक बीके अवतारले प्रकाश पार्नुभएको थियो भने वाह जिन्दगी वाह विषयमा केरल सामाजिक सेवा प्रकोष्ठका राष्ट्रिय संयोजक डा ईभी स्वामीनाथनले प्रेरणादायी मनतव्य प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा ब्रह्मकुमारी सिक्किमकी प्रभारी बीके सोनमले पनि आफ्नो मनतव्य राख्नुभएको थियो।

फ्रान्सका राजदूत

फ्रान्सका राजदूत श्री Thierry Mathou आज बिहान सिक्किम राज्यको औपचारिक भ्रमणका लागि दार्जिलिङबाट गान्तोक आइपुग्नुभयो। उहाँ आफ्नो औपचारिक भ्रमण 'नर्थ बङ्गाल र सिक्किम मिशन' अन्तर्गत गान्तोक आइपुग्नु भएको हो। उहाँसँग उहाँकी श्रीमती Cecile Mathou र अन्य विशिष्ट व्यक्तिहरू, जसमा कोलकाताका फ्रान्सेली महावाणिज्यदूत श्री

Didier Talpain, सहकार्य अधिकारी श्री Samuel Bouchard र सिक्किमका लागि प्रेस र कूटनीतिक सम्पर्क अधिकारी सुश्री अञ्जिता रोयचौधरी पनि भ्रमणमा गान्तोक आउनुभएको छ।

फ्रान्सका राजदूतको सिक्किम भ्रमण 13 तारिकसम्म चल्नेछ, जसअन्तर्गत उहाँ विभिन्न औपचारिक बैठकहरूमा सहभागी हुने कार्यक्रम रहेको छ।

## उपराष्ट्रपति धनखड

उपराष्ट्रपति श्री जगदीप धनखड़ले अनुसन्धान र नवाचार क्षेत्रमा गरिएको लगानी वर्तमान र भविष्यका लागि महत्वपूर्ण निवेश हो भन्नुभएको छ । उहाँले भन्नुभयो, नवाचार र अनुसन्धान अर्थतन्त्रका प्रेरक शक्तिहरू हुन्। उपराष्ट्रपतिले आज नयाँ दिल्लीमा सम्पन्न महाराजा अग्रसेन प्रौद्योगिकी शिक्षा संस्थानको रजत जयन्ती समारोहको समापन कार्यक्रममा उक्त मन्तव्य राख्नुभएको हो।उहाँले व्यापार, व्यवसाय, वाणिज्य र उद्योगमा संलग्न व्यक्तिहरू व्यवस्थापनको दबाउमा आउन नहुने बताउनुभयो। उहाँका अनुसार, उनीहरू समृद्धिका सृजनाकर्ता, रोजगारदाता, अर्थतन्त्रका प्रेरक शक्ति तथा सामाजिक सद्भावका संवाहक हुन्, जसका कारण उनीहरू समाजमा सम्मानयोग्य छन्। उपराष्ट्रपतिले थप भन्नुभयो, व्यापार, व्यवसाय, वाणिज्य र उद्योगसँग सम्बन्धित व्यक्तिहरूले समाजको सेवा गरिरहेका हुन्छन्।

## क्याङ्ग खोलामा सरसफाई

मानेबुङ्ग देन्ताम क्षेत्रको हि गाउँमा रहेको क्याङ्ग-खोलामा स्थानीय शिक्षित युवाहरूको पहलमा सरसफाई कार्यक्रम सम्पन्न भएको छ। यस क्षेत्रका खोला, नाला र पोखरीलाई पवित्रताको प्रतीकका रूपमा मान्दै आएका समाजमा युवाहरूले स्वच्छता र सरसफाईको महत्त्वलाई उजागर गर्दै यस कार्यको थालनी गरेका हुन्। यस कार्यक्रममा युवा, समाजसेवी, विद्यालयका शिक्षक तथा विभिन्न सामाजिक संस्थाहरूको सक्रिय सहभागिता देखिएको थियो।क्याङ्ग-खोलालाई स्वच्छ राख्ने उद्देश्यका साथ सुरु गरिएको यस सरसफाई अभियान, हि गाउँको श्रीजङ्गाको मूर्ति नजिकैदेखि कलेज खोलासम्म गरिएको थियो। कार्यक्रम  युथ फर सोसाइटीको पहलमा  भएको थियो भने क्षेत्रीय विधायक श्री सुदेश कुमार लिम्बु र एसआरके प्रादेशिक क्षेत्रकी जिल्ला सदस्य सुश्री तारमित लेप्चा लगायत ग्राम पंचायतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा भाग लिएका युवाहरूले खोला नाला, बाटोघाटो र विद्यालयहरूलाई सफा राख्न सबैलाई प्रेरित गर्दै प्रदूषणमुक्त समाजको परिकल्पना गरेका छन्।

## राज्यपाल गोल्डकप

गान्तोकको पाल्जोर स्टेडियममा भइरहेको अखिल भारतीय राज्यपाल स्वर्ण कप फूटबल प्रतियोगिता अन्तर्गत आइतबार सम्पन्न खेलमा मिजोरमको खाइजोल एफसीले आर्मी रेडलाई एकका विरुद्ध पाँच गोलले पराजित गरेको छ। यो जीत सितै मिजोरमको खाइजोल एफसी प्रि-क्वार्टरफाइनलमा प्रवेश गर्न सफल भएको छ।